# कालिकोटे भाषिका र मानक नेपाली भाषाका काल र पक्षको व्यतिरेकी अध्ययन

*धनकृष्ण उपाध्याय


## सारवस्तु

भाषा भन्नाले भावाभिव्यञ्जन गर्ने माध्यमलाई बुझिन्छ । भाषाको मुख्य प्रयोग ध्वनिसङ्केतहरूको सहायताबाट भावको अभिव्यञ्जनका लागि हुन्छ । ध्वनि सङ्केतबाट मात्र भनाइको पूर्णता र स्पष्टता हुन सक्छ । भाषा शब्द संस्कृतको भाष् धातुबाट निष्पन्न भएको हो जसको अर्थ व्यक्तिवाणी हुन्छ । भाषाको कथ्यरूप नै मूल रूप हो । प्रत्येक भाषामा आफ्नै खाले शब्दभण्डार अर्थव्यवस्था र व्याकरणिक व्यवस्था हुन्छ । समयको अन्तराल, भौगोलिक विकटता, सांस्कृतिक तथा राजनीतिक विविधता र बसाइँ सराइका कारणले भाषिक रूपमा विविधता आउँछ । तत्पश्चात् एउटै भाषाभित्र विभिन्न भाषिकाहरूको प्रादुर्भाव हुन्छ । यिनै भाषिकाहरूको समुच्चय नै भाषा हो भाषाको प्राचीनता र भौगोलिक दूरता जति बढ्यो त्यति नै बढी भाषिकाहरू जन्मने सम्भावना रहन्छ । समाजका सदस्यहरू आपसमा सञ्चार विनिमय गर्दा भाषिकाको नै प्रयोग गर्दछन् । भाषा प्रायः औपचारिक, स्तरीय र स्थिर प्रकृतिको हुन्छ भने भाषिका अनौपचारिक, स्वतःस्फूर्त र गतिशील हुन्छ । स्थानअनुसार भाषाका व्यवस्थामा सामान्य भिन्नता पैदा हुन्छ । कुनै खास स्थानमा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने भाषाको क्षेत्रीय रूप नै भाषिका हो । एउटै भाषिका बोल्ने व्यक्तिहरूको भाषाका उच्चारण, रूप, शब्दभण्डार, वाक्यगठन, अर्थ, व्याकरणिक कोटिहरूजस्ता समग्र व्यवस्थामा पूर्णतया समानता हुन्छ । यिनै आधारमा रही यहाँ कालिकोटे भाषिका र मानक नेपाली भाषाबिच काल र पक्षबिच तुलनात्मक अध्ययन गरिएको छ । कालिकोट जिल्लाका कोटबाडा, कुमालगाउँ, रकु, सिउना र नानीकोट गााविसहरूलाई प्रमुख अध्ययन क्षेत्र मानी क्षेत्रीय अध्ययन विधिको आधारमा व्यतिरेकी अध्ययन गरिएको छ । यस क्रममा अन्तवार्ता, छलफल र प्रश्नोत्तर गरी सामग्री सङ्कलन गरी प्राप्त सामग्रीलाई सत्यापन गरिएको छ । प्राप्त सामग्रीलाई शोध अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधि प्रयोग गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।


**मुख्य शब्द र शब्दावली** : भारोपेली भाषा परिवार, आग्नेली भाषा परिवार, भोट चिनियाँ भाषा परिवार, द्रबिडेली भाषा परिवार, भाषिका, मातृभाषी, साझा कोड, सामाजिक स्वीकृति, भाषावैज्ञानिक आधार, भाषिक समुच्चय, स्थानीय भेद, व्याकरणिक कोटि, ध्रुवीयता, व्यतिरकी, प्रत्ययगत, संरचनागत, ध्वन्यात्मक, भूत काल, अभूत काल, सामान्य पक्ष, अपूर्ण पक्ष, पूर्ण पक्ष, अज्ञात पक्ष, अभ्यस्त पक्ष, सार्वभौम वर्तमान, प्रत्ययगत, रूपगत, कृदन्तीय, रूपायन, मानक नेपाली, स्तरीय नेपाली, तुलनात्मक अध्ययन, कठिया, बिल्लो, नानु, छकाल, कालिकोटे भाषिका,पाइँलो आदि ।

*उपप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस

## १. परिचय

नेपाल बहु भाषिक देश हो। नेपालमा भारोपेली, भोट चिनियाँ, आग्नेली र द्रविड गरी चार भाषा परिवारका भाषाहरू बोलिन्छन् । वि.सं. २०६८ सालको जन गणनाअनुसार नेपालमा विभिन्न भाषा परिवारका १२३ वटा भाषाहरू बोलिन्छन् । सबभन्दा बढी जनसङ्ख्या भारोपेली भाषा परिवारका भाषा बोल्नेहरूको रहेको छ। त्यसमा मुख्यतः नेपाली, मैथिली, भोजपुरी, अवधी, थारू, बज्जिका आदि भाषाहरू रहेका छन् । करिब आधाआधी जनसङ्ख्यामा नेपाली मातृभाषी रहेका छन् । नेपाली भाषा नेपालको पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म मात्र होइन दार्जिलिङ तथा भुटानसम्म फैलिएको छ। यी सबै ठाउँमा नेपाली भाषा एकै किसिमले बोलिदैन। उच्चारण, शब्द भण्डार, वाक्य गठन, व्याकरणिक कोटि आदिमा केही न केही भिन्नता हुन्छ। एउटै साझा कोडको प्रयोग गर्नु एउटै भाषा हुनुको लक्षण हो । साझा कोडहरूको प्रयोग गर्ने समुदायलाई भाषिक समुदाय भनिन्छ (अधिकारी २०६२ : ६) । एउटै भाषा हो वा होइन भनेर छुट्याउने प्रमुख आधार बोधगम्यता हो । सामाजिक स्वीकृति, राजनीतिक सीमा, धार्मिक मान्यता, भाषावैज्ञानिक आधार, सांस्कृतिक परिवेश आदिले पनि यसमा प्रभाव पार्छन्। भाषिक निरन्तरता पनि एउटै भाषाको परिचायक हो । निरन्तरता भनेको बोधगम्यताको क्रम नटुट्नु हो। एउटा भाषाभित्र विभिन्न भाषिकाहरू हुन्छन्। भाषिकाहरूको समुच्चय नै भाषा हो। नेपाली भाषाका विविध भाषिकाहरूमध्ये कर्णाली अञ्चलको कालिकोट जिल्लामा बोलिने नेपाली भाषाको स्थानीय भेद कालिकोटे भाषिका हो। यो भाषिका स्तरीय नेपाली भन्दा उच्चारण, शब्द भण्डार वाक्य गठन, व्याकरणिक कोटि आदिमा केही न केही भिन्न रहेको छ। व्याकरणिक कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, ध्रुवीयता, आदर, जस्ता कुराहरू पर्दछन्। यिनै व्याकरणिक कोटिहरूमध्ये काल र पक्ष समय तथा क्रियाको कार्यव्यापार जनाउने व्यारणिक कोटि हुन्। यिनै काल र पक्षको कालिकोटे भाषिका र मानक नेपाली भाषाको विभिन्न शीर्षकमा व्यतिरेकी अध्ययन गरिएको छ। यसअन्तर्गत स्तरीय नेपाली भाषा र कालिकोट जिल्लामा बोलिने कालिकोटे भाषिका तथा मानक नेपाली प्रत्ययगत, संरचनागत र ध्वन्यात्मक समानता र भिन्नतासम्बन्धी सङ्क्षेपमा चर्चा गरिएको छ।

## २. कालको परिचय

वाक्यमा क्रियाले सङ्केत गर्ने समयलाई काल भनिन्छ (लम्साल, २०६२:१२१) । काल क्रियापदको समय सङ्केतक हो। कालले क्रियाद्वारा व्यक्त हुने कार्यव्यापार, अवस्था र घटनाको समय विशेषलाई जनाउँछ ।

क्रियापदमा समयको सङ्केत गर्ने व्यारणात्मक कोटिलाई काल भनिन्छ। यस्तो काल नेपाली भाषामा दुई किसिमले व्यक्त हुन्छ : अभूत काल र भूत काल (अधिकारी, २०६७ : २१२)।

यसरी हेर्दा स्तरीय नेपालीमा रूपात्मक दृष्टिले काल दुई प्रकारका हुन्छन् : भूतकाल र अभूतकाल । तर कालिकोटे भाषिकामा रूपात्मक दृष्टिले नै काल तिन प्रकारका देखिन्छन् । कालिकोटे भाषिका तथा स्तरीय नेपाली दुबैमा कालको आधारमा क्रियाको रूपायन र वाक्य गठनमा सङ्गति पाइएको छ। यहाँ दुबैका क्रियाको काल र वाक्यगठनसम्बन्धी प्रक्रियाको तुलनात्मक तथा व्यतिरेकी अध्ययन गरिएको छ ।

## २.१ भूतकाल

भूत कालले बितेको समयलाई मात्र बोध गराउँछ ( अधिकारी, २०६७ : २१३ ) । स्तरीय नेपाली भाषामा भूत काल भन्नाले केवल पहिले भएको कार्यलाई मात्र जनाएको पाइँदैन । क्रियाको संरचनाअनुसार मात्र कालको बोध भएको देखिन्छ तर कालिकोटे भाषिकामा त्यस्तो देखिँदैन । कालिकोटे भाषिकामा संरचनाका साथसाथै समयको पनि बोध भएको पाइन्छ। कालिकोटे भाषिका र स्तरीय नेपालीमा भूत कालिक वाक्य गठनमा अभूत् काल भन्दा बढी समानता देखिन्छ र कर्ताअनुसार क्रियापदको सङ्गति देखिन्छ ।

मानक नेपाली भाषा र कालिकोटे भाषिकाको भूत कालीन वाक्य गठनमा रहेका समानता तथा भिन्नतासम्बन्धी तालिका निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १ : भूत कालिक वाक्यको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| मैले भात खाया । | मैले भात खाए । |
| हामीले भात खायौ । | हामीले भात खायौं । |
| तोइले भात खाइ । | तैले भात खाइस् । |
| तमीले भात खायौ । | तिमीले भात खायौ । |
| ताले भात खायापइ । | तपाईं/हजुरले भात खानुभयो । |
| उनुले/तिनुले/यिनुले भात खाया । | उनले/तिनले/यिनले भात खाए । |
| उइले/त्यइले/यइले भात खायो । | उसले/त्यसले/यसले भात खायो । |
| उनुले भात खाया । | उनीहरूले भात खाए । |
| उनुले भात खाइन् । | उनीहरूले भात खाए । |
| वाले भात खायापइ । | उहाले भात खानुभयो । |
| ............................ | उहाले भात खाइबक्सियो । |

कालिकोटे भाषिकाको भूत कालिक क्रियापद धातुमा याँ,यौँ, ई, यौ, यापइ, या, यो, ई, इन् प्रत्यय लागेर बनेका हुन्छन् । स्तरीय नेपालीमा एँ, यौं, इस्, यौं, ए, यो, ई, इन्, इबक्सियो प्रत्ययहरू धातुमा गाँसिएर भूत कालिक क्रियापद निर्माण भएका पाइन्छन् । यसलाई संक्षेपमा 'ए' रूप भन्न सकिन्छ । दुबैमा कर्ता पुरुष, लिङ्ग, वचन आदि कोटिमा सङ्गति भएको पाइन्छ । स्तरीय नेपालीको

'ए' प्रत्यय कालिकोटे भाषिकामा 'या' भएको पाइन्छ भने हलन्त स चाहिँ 'इ' मा परिवर्तन भएको पाइन्छ । उच्च आदरार्थीमा 'नुभयो' को सट्टा 'यापइ' लागेको पाइन्छ भने उच्चतम आदरार्थी बक्सियो को रूप कालिकोटे भाषिकामा पाइँदैन । साथै क्रियामा स्त्रीलिङ्गी भेदमा स्तरीय नेपाली र कालिकोटे भाषिका भिन्न देखिन्छ ।

### २.२. अभूत काल : वर्तमान

अभूत कालको वर्तमान प्रयोगले क्रियामा निहित सामान्य योग्यता मात्र पनि जनाउन सक्छ । यसलाई सार्वभौम वर्तमान पनि भनिन्छ (अधिकारी, २०६७ : २१२) । कालिकोटे भाषिका र स्तरीय नेपाली भाषाको वर्तमान कालिक क्रियापदमा प्रत्ययगत र रूपगत व्यतिरेक देखिन्छ । तिनै विविध भिन्नता र समानताको कालिकोटे भाषिका र स्तरीय नेपालीको वर्तमान कालिक रूप र प्रक्रियासम्बन्धी वाक्य गठनलाई निम्न लिखित तालिकाद्वारा प्रस्ट पारिएको छ :

**तालिका २ : वर्तमान कालिक क्रियापदीय तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म भात खाँदो छौं । | म भात खान्छु । |
| हामी भात खाँदा छौं । | हामी भात खान्छौं । |
| तो भात खाँदो छइ । | तँ भात खान्छस् । |
| तो भात खाँदी छइ । | तँ भात खान्छेस् । |
| तमी भात खाँदा छौ । | तिमी भात खान्छौ । |
| तमी भात खाँदा छौ/तमी भात खानी छौ । | तिमीहरू भात खान्छौ । |
| ऊ भात खाँदो छ । | ऊ भात खान्छ । |
| ऊ भात खाँदी छ । | ऊ भात खान्छे । |
| ऊँ भात खाँदा छन् । | उनी भात खान्छन् । |
| ताँ भात खायाहुँदिछ/खायाहुन्छयापइ । | तपाईं/हजुर भात खानुहुन्छ । |
| वाँ भात खायाहुँदिछ । | उहाँ भात खानुहुन्छ । |

वर्तमान कालीन प्रत्ययलाई हेर्दा कालिकोटे भाषिका र स्तरीय नेपाली कर्तासँग क्रियाको समान सङ्गतिद्वारा वाक्य गठन भएको देखिन्छ तर दुबैमा रूपगत भिन्नता देखिन्छ । वर्तमान कालीन प्रत्ययहरू स्तरीय नेपालीमा धातुमा सोझै छु, छौं छस्, छेस्, छ्यौ, छन् नुहुन्छ, इसिन्छ, इबक्सिन्छ जोडिन्छन् । यी सबै रूपलाई छ रूप भन्न सकिन्छ । त्यस्तै कालिकोटे भाषिकामा धातुमा ता/था/दा, तो/थो/दो, ती/थी/दी/नी मध्ये कुनै एक कृत् प्रत्यय लागेर छौं, छइ, छ, छौ, छन् मध्ये कुनै एक रूप जोडिएको देखिन्छ । कालिकोटे भाषिकामा उच्च आदरार्थीमा भने धातुमा सोझै याहुन्छयापइ/याहुदिछ दुबै समान रूप प्रयोग भएको देखिन्छ ।

२.३. अभूत काल : भविष्यत्

नेपाली क्रियापदको प्रयोगका दृष्टिले वर्तमान र भविष्यत्मा खासै अन्तर देखिदैन । भविष्यत् काल जनाउन का लागि ने प्रत्ययवाला कृदन्तीय रूपको प्रयोग हुन्छ (अधिकारी, २०६७ : २१२) । स्तरीय नेपालीमा अभूतकाल भविष्यत् (काल) भनेर चिन्न सकिन्छ तर रूपगत भिन्नता हेर्दा कालिकोटे भाषिकामा सोझै भविष्यत् काल भन्न सकिन्छ किनभने कालिकोटे भाषिकामा वर्तमान कालिक क्रियापदले भविष्यत् काल जनाउँदैन । भविष्यत् कालीन क्रियापदको छुट्टै रूप र संरचनाको प्रयोग हुन्छ । क्रियाको भविष्यत् कालीन रूपायनमा स्तरीय नेपाली र कालिकोटे भाषिकामा भएका वाक्य गठन प्रक्रियालाई तालिकाद्वारा प्रस्ट पारिएको छ :

तालिका ३ : भविष्यत् कालिक क्रियापदीय तुलना

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म भात खान्या हौं । | म भात खाने छु । |
| हामी भात खान्या हौं । | हामी भात खाने छौं । |
| तो भात खान्या होइ । | तँ भात खाने छस् / छेस् । |
| तमी भात खान्या हौ । | तिमी भात खानेछौ /छ्यौ । |
| ताँ भात खान्या भयापइ । | तपाई/हजुर भात खानुहुने छ । |
| ऊ भात खान्या हो । | ऊ भात खाने छ । |
| ऊँ भात खान्या हुन् । | उनी भात खाने छन् /छिन् । |
| ऊँ भात खान्या हुन् । | उनीहरू भात खाने छन् । |
| वाँ/त्याँ भात खान्या भयापइ । | उहाँ/यहाँ भात खानुहुने छ । |
| ........................................... | उहाँ भात खाइबक्सिने छ । |

भविष्यत् कालमा स्तरीय नेपालीमा धातुमा 'नेछ' का रूप लागेर क्रियापदको निर्माण भएको पाइन्छ भने कालिकोटे भाषिकामा 'न्या' कृत् प्रत्यय लागेर हौँ, होई, होउ, हो, हुन् भयापइ रूप चलेको पाइन्छ । कालिकोटे भाषिकामा सामान्य भविष्यत् कालमा स्तरीय नेपालीको जस्तो लिङ्गभेद पाइँदैन । प्रथम पुरुषमा वचन भेद नहुने कुरा पनि उपर्युक्त तालिकाबाट स्पष्ट बुझ्न सकिन्छ ।

३. पक्षको आधारमा क्रियाको वाक्य सङ्गति

पक्ष भनेको कुनै कालका परिवेशमा व्यक्त हुने कार्यव्यापारको अवस्था वा वितरण हो (लम्साल, २०६२:१२३) । पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन काल र अवधिमा भयो भन्ने कुरा बताउँछ (बन्धु, २०५३ : ५०) ।

यसरी क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि पक्षले कालको खास परिवेशभित्र क्रियाका कार्यको प्रकृति र वितरण, क्रियाका कालको अवधि र अवस्थालाई जनाउने गर्दछ । नेपाली तथा कालिकोटे भाषिकामा सबै कालमा सामान्य अपूर्ण र पूर्ण पक्षहरू छन् भने भूतकालमा अज्ञात र

अभ्यस्त गरी थप दुई वटा पक्ष पनि उपलब्ध छन् । सामान्य पक्षको तालिका १-३ मा उल्लेख भइसकेकाले यहाँ अन्य पक्षको मात्र चर्चा गरिएको छ ।

### ३.१. भूतकाल : अपूर्ण पक्ष

अपूर्ण पक्ष क्रियामा अपूर्णता एवं निरन्तरता जनाउने पक्ष हो (लम्साल, २०६२ : १२३) । भूत कालिक अपूर्ण पक्षलाई अपूर्ण भूतकाल पनि भनेको पाइन्छ । यस पक्षले क्रियाको कार्य व्यापार भूत कालमा लगातार भइरहेको जनाउँछ । अपूर्ण पक्षले कार्यको अपूर्णता वा निरन्तरता जनाउँछ । यस्तो पक्ष अभूत र भूत कालको परिवेशमा आउँछ (अधिकारी, २०६७ : २१४) । कालिकोटे भाषिका र स्तरीय नेपाली भाषामा भूत कालिक अपूर्ण क्रियाको समान अस्तित्व देखिन्छ । संरचनागत समानता भए तापनि रूपगत तथा प्रत्ययगत व्यतिरेक देखिन्छ । अपूर्ण कालीन भूतकालको तृतीय पुरुषको स्त्रीलिङ्गी क्रियामा स्तरीय नेपालीमा वर्तमान कालका जस्ता देखिने रूपहरू प्रयुक्त हुन्छन् । ती वास्तवमा वर्तमान कालका रूपहरू नभएर भूत कालिक रूपहरू नै हुन् किनभने कालिकोटे भाषिकामा स्तरीय नेपालीमा जस्तो स्त्रीलिङ्गी रूपहरू छे, छ्यौ, छिन् प्रयोग हुँदैनन् । तसर्थ स्तरीय नेपाली सिक्ता कालिकोटे भाषिका मातृभाषी वक्ताले तत्सम्बन्धी त्रुटि गर्न सक्ने सम्भावना रहन्छ ।

कालिकोटे भाषिका र स्तरीय नेपाली भाषाका अपूर्ण भूत कालिक वाक्य गठनसम्बन्धी प्रक्रिया तथा कर्ता र क्रियाबिचको सङ्गतिलाई तल दिइएको तालिका चारबाट प्रस्ट गरिएको छ :

**तालिका ४ : भूतकाल : अपूर्ण पक्षका वाक्यको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म पढ्डै/हाँस्तै/खेल्लै छियाँ । | म पढ्दै/हाँस्तै/खेल्दै थिएँ । |
| हामी लेख्याइ छियौँ । | हामी लेख्दै थियौं । |
| तो विद्यालयमा पढाउँदै छि । | तँ विद्यालयमा पढाउँदै थिइस् । |
| तो काम हद्दिअइ छि(इ) । | तँ काम गर्दै थिइस् । |
| तमी रुनिअइँ छियौ । | तिमी रुँदै थियौं । |
| ताँ लेख्याहुँदिअइ छियापइ । | हजुर लेख्दै हुनुहुन्थ्यो । |
| त्यो डाँडाबाट ओल्लँदै छियो । | त्यो डाँडाबाट ओर्लदै थियो । |
| ऊँ उकालाम्मी उल्कनिअइँ छिन् । | उनी उकालामा उक्लदै थिइन् । |
| यी राम्णरी पढ्डाइ छिया । | यिनीहरू राम्ररी पढ्दै थिए । |
| यी मऽन झोकानिअइँ छिन् । | यिनीहरू मलाई रिसाउँदै थिए । |
| वाँ मइथै पढ्याहुँदिअइ छियापइ । | वहाँ धेरै पढदै हुनुहुन्थ्यो । |

कालिकोटे भाषिका तथा स्तरीय नेपाली दुबैका अपूर्ण भूतकालीन क्रियापदको लिङ्ग, वचन, पुरुष, आदर आदिमा कर्ताको क्रियापदसँग सङ्गति भई वाक्यगठन भएको देखिन्छ । स्तरीय नेपालीमा धातुमा दै/तै कृदन्त र 'थि' का साथ 'य' रूप चलेको पाइन्छ तर कालिकोटे भाषिकामा

'दै' का विभिन्न रूपहरू र 'छि' का साथ 'य' रूप चलेको पाइन्छ। अथवा स्तरीय नेपालकि 'थि' रूपहरू कालिकोटे भाषिकामा 'छि' भएर प्रयुक्त हुन्छन्। अथवा वर्तमान कालीन 'छ' को भूतकालमा कालिकोटे भाषिकामा 'छियो' हुन्छ भने स्तरीय नेपालीमा 'थियो' भएको पाइन्छ।

## ३.२. वर्तमान काल : अपूर्ण पक्ष

अपूर्ण पक्ष क्रियामा कार्यको अपूर्णता वा निरन्तरता जनाउने पक्ष हो (लम्साल,२०६२:१२३)। वर्तमान कालिक अपूर्ण पक्षलाई अपूर्ण वर्तमान काल पनि भनिन्छ। यस पक्षले क्रियाको कार्यव्यापार वर्तमान कालमा लगातार भइरहेको जनाउँछ। यहाँ कालिकोटे भाषिका र स्तरीय नेपाली भाषामा वर्तमान कालिक अपूर्ण पक्षको संरचना समान पाइन्छ तर रूपगत भिन्नता देखिन्छ। कालिकोटे भाषिकामा धेरै ठाउँमा समीभवन भएको पाइन्छ भने स्तरीय नेपालीमा त्यस्तो भएको पाइँदैन। जस्तै खेल्दिअइ-खेल्लिअइ>खेल्दै, पढ्डै-पढ्दै>पढ्दै, डगुर्दै>दगुर्दै)(डगुड्डै दगुर्दै, चल्दै-चल्लै>चल्दै आदि रूपहरू चलेका देखिन्छन्। मानक नेपाली भाषमा भने तै दै तो दो जस्ता रूपको मात्र प्रयोग हुन्छ। कालिकोटे भाषिका र नेपाली मानक भाषाका अपूर्ण वर्तमान काललाई तालिका चारबाट छर्लङ्ग पुष्टि भएको कुरा प्रस्ट्याउन सकिन्छ :

**तालिका ५ : वर्तमान काल : अपूर्ण पक्षको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म बस्तै / रुँदै/खेल्लै छौं। | म बस्तै/रुँदै/खेल्दै छु। |
| हामी लेख्याइ/हन्डाइ/ बस्ताइ छौ। | हामी लेख्दै (तै)/ हिड्दै/बस्दै छौ। |
| तो डगुड्डै/खेल्लै/हाँस्तै छइ। | तँ दगुर्दै /खेल्दै/हाँस्तै (दै) छस्। |
| तो बोल्लिअइ/हाँस्तिअइ/रुँदिअइ छइ। | तँ बोल्दै/हाँस्दै/रुदै छेस्। |
| तमी पढ्डाइ/लेख्थाइ/रुँदाइ छौ। | तिमी पढ्दै/हाँस्दै (तै)/रुदै छौ। |
| तमी पढ्निअइँ/लेख्निअइँ/हाँस्निअइँ छौ। | तिमी पढ्दै/लेख्दै/हाँस्दै छ्यौ। |
| ऊ बोल्लै/रुँदै छ। | ऊ बोल्दै/रुँदै छ। |
| ऊ बोल्लिअइ/लेख्थिअइ छ। | ऊ बोल्दै/लेख्दै छे। |
| यीँ हाँस्ताइ/बोल्लाइ छन्। | ती हाँस्दै/बोल्दै छन्। |
| यी हाँस्निअइँ/रुँनिअइँ छन्। | यिनी हाँस्दै/रुदै छिन्। |

माथिको तालिका हेर्दा अपूर्ण कालिक पक्षमा स्तरीय नेपाली भन्दा कालिकोटे भाषिकामा बढी विविधता पाइन्छ। स्तरीय नेपालीका धातुमा तै/दै कृदन्तका साथ 'छ' का रूप चलेका छन्। लिङ्ग, आदर तथा वचनको सङ्गति जनाउन स्तरीय नेपालीमा 'छ' रूपले मात्र विभेदकता जनाउँछ भने कालिकोटे भाषिकामा 'छ' रूपका अतिरिक्त कृत् प्रत्ययहरूले पनि काम गरेको पनि पाइन्छ। अपूर्णका सबै रूपमा 'अइ' आएको पाइन्छ। तिनीहरूमा एक वचन पुलिङ्ग आदर रहितमा तै/दै र

बहुवचन तथा आदरवाचीमा ताइ/थाइ/दाइ प्रत्यय लागेको पाइएको छ । त्यस्तै स्त्रीलिङ्गी एकवचन आदर रहितमा तिअइ/थिअइ/दिअइ जस्ता कृदन्तको प्रयोग हुनछ भने बहुवचन र आदरार्थीमा निअइँ कृदन्त लागेको पाइन्छ । स्तरीय नेपालीमा अघोष हलन्तपछि तै/दै विकल्पका रूपमा प्रयोग हुन्छन् भने कालिकोटे भाषिकामा निश्चितता नै पाइन्छ । जस्तैः

- अगाडि क्, त्, प्, स्, भए 'त' का रूपहरू चल्छन् : हाँस्तिअइ, बस्ताइ, घोक्ताइ
- अगाडि ख्, थ्, फ भए 'थ' का रूपहरू चल्छन् : लेख्थै
- च, छ वर्ण भए समीभवन हुन्छ : पुछ्छै छ, पुछ्छाइ छन्, पुछ्छिअइ छ, घोच्चै छ, घोच्निअइँ छन्
- अन्य स्वर वा घोष वर्णहरू भए 'द' का रूप चल्छन् : खाँदा, सुङ्दा
- स्त्रीलिङ्गी आदर र बहुवचनमा भने निअइँ मात्र लाग्छ ।
- यसरी कालिकोटे भाषिकामा स्तरीय नेपालीका अपूर्ण कालिक वर्तमान कालका वाक्य गठनमा सङ्गतिगत तथा अर्थगत समानता पाइन्छ । तर रूपगत भिन्नता भएको कुरा उपर्युक्त तालिका तथा वर्णन विश्लेषणबाट प्रस्ट हुन्छ ।

### ३.३. भविष्यत् काल : अपूर्ण पक्ष

यस पक्षले क्रियाको कार्यव्यापार अपूर्ण रूपमा पछि घटित हुने जनाउँछ । अथवा पछिको समयमा क्रियाको कार्य व्यापार भइरहेको कुरा बुझिँदा अपूर्ण भविष्यत् काल हुन्छ । कालिकोटे भाषिका र स्तरीय नेपाली भाषामा तत्सम्बन्धी विविध समानता र भिन्नता पाइन्छ। स्तरीय नेपाली भाषामा वर्तमान कालमा प्रयोग हुने छ का रूपहरू प्रयोग भएको पाइन्छ भने कालिकोटे भाषिकामा छ का रूपहरू नचलेर हो का रूपहरू चलेको पाइन्छ । स्तरीय नेपालीमा प्रयोग हुने भइरहेको, गइरहेको, हिडिरहेको जस्ता अपूर्णता जनाउने क्रियापदीय रूपहरू कालिकोटे भाषिकामा प्रयोग भएको देखिदैनन् ।

कालिकोटे भाषिका र मानक नेपाली भाषामा रहेका यिनै समानता र भिन्नतालाई अपूर्ण भविष्यत् कालीन वाक्य गठनको तुलनात्मक अध्ययन तालिका तल दिइएको छ :

**तालिका ६ : भविष्यत् काल : अपूर्ण पक्षको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म अक्का बर्ससम्म पड्डै हुन्या हौं । | म अर्को वर्षसम्म पढ्दै हुने छु । |
| तो यो काम हद्दिअइ हुन्या होइ । | तँ यो काम गर्दे हुने छेस् । |
| तो यो काम हद्दै हुन्या होइ । | तँ यो काम गर्दै हुने छस् । |
| तमी बास सुङ्दाइ हुन्या होउ । | तिमी वासना सुँघ्दै हुने छौ । |
| तमी बास सुङ्निअँइ हुन्या होउ । | तिमी वासना सुँघ्दै हुने छ्यौ । |
| ताँ काम्लो ओढ्डै हुन्या भयापइ । | तपाई राडी ओढ्दै हुनुहुने छ । |
| ऊ आम झाड्डै हुन्या हो । | ऊ आँप झार्दै हुने छ । |
| ती भैसो दुँदै हुन्या हुन् । | तिनीहरू भैंसी दुहुँदै हुने छन् । |

उपर्युक्त तालिका हेर्दा कालिकोटे भाषिका र स्तरीय नेपालीका अपूर्ण भविष्यत् कालिक क्रियापद र वचन, लिङ्ग, पुरुष, आदर आदिमा सङ्गति भई वाक्य गठन भएको पाइन्छ । अपूर्ण कालीन क्रियापद दुबैमा पूर्ववत् (वर्तमान काल झैं) अवस्था रहेको छ । स्तरीय नेपालीमा धातुमा अपूर्ण पक्षीय कृदन्त 'दै' रूपका साथ 'हुने + छ' रूप जोडिएको पाइन्छ । तर कालिकोटे भाषिकामा वर्तमानकालझैं अपूर्णपक्षीय 'दै' रूपका कृदन्तीय रूपका साथ हुन्या +हो का रूप चलेका छन् कालिकोटे भाषिकामा 'हो' रूप भन्नाले हौं, होइ, होउ, भयापइ, हो, हुन् पर्दछन् । यसरी हेर्दा अपूर्ण भविष्यत् कालमा कालिकोटे भाषिका र स्तरीय नेपालीमा अर्थगत र संरचनागत समानता पाइन्छ भने रूपगत र ध्वनिगत भिन्नता देखिन्छ ।

## ३.४. भूत काल : पूर्ण पक्ष

पूर्ण पक्ष क्रियाका कार्यको पूर्णता व्यक्त गर्ने पक्ष हो (लम्साल, २०६२ : १२३) । पूर्ण पक्षले कार्यको पूर्णता वा सिद्धता जनाउँछ । यो पक्ष अभूत र भूत दुबै कालको परिवेशमा आउँछ छ (अधिकारी, २०६७ : २१५) । यसमा काम पहिले नै समाप्त भएको बोध हुन्छ । बितेको समयमा क्रियाको कार्य व्यापार पूर्ण भइसकेको भन्ने बुझिँदा पूर्ण भूत काल हुन्छ । कालिकोटे भाषिका र मानक नेपाली भाषामा पूर्ण भूत कालीन यससम्बन्धी वाक्य गठन प्रक्रियाको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्ट पारिएको छ :

**तालिका ७ : भूतकाल : पूर्ण पक्षको तुलना**

| लालँलोखाडी उपभाषिका | स्तरीय नेपाली |
|---|---|
| मैले जङ्गेलो लायाओ छियाँ । | मैले सुरुवाल लगाएको थिएँ । |
| हामीले टाट्या खायाआ छियौं । | हामीले पुरी खाएका थियौं । |
| तोइले रोटो खायाओ छि(इ) । | तैंले रोटी खाएको थिइस् । |
| तोइले बिस्कुन शुकायाइ छि(ई) । | तैंले बिस्कुन सुकाएकी थिइस् । |
| ताँले काम हऱ्याआ छियापइ । | तपाईले काम गर्नुभएको थियो । |
| उइले म$\circ$न छकालै डाक्याइ छि(ई) । | त्यसले मलाई बिहानै बोलाएकी थिई । |
| उनुले भात खायाआ छिया । | उनले भात खाएका थिए । |

पूर्ण भूत कालीन वाक्य गठन हेर्दा स्तरीय नेपालीमा धातुमा एको/एकी/एका कृत् प्रत्यय लागेपछि 'थि' का साथ 'य' रूप चलेको पाइन्छ । यस्तै कालिकोटे भाषिकामा धातुपछि याको/याका/याकी का साथ छि पछि 'य' रूप लागेको पाइन्छ । तर कालिकोटे भाषिकामा याको/याका/याकी मा रहेको 'क' ध्वनि लोप भई ओ, आ, ई को मात्र उच्चारण हुन्छ । तिनीहरू पनि अग्रगामी भएर उच्चरित हुन्छन् । अन्य पूर्ण पक्षगत वाक्य गठनमा कालिकोटे भाषिका र स्तरीय नेपाली भाषा बिच खास भिन्नता पाइँदैन ।

### ३.५. वर्तमान काल : पूर्ण पक्ष

यस पक्षले क्रियाको कार्य व्यापार सम्पन्न भइसकेको भन्ने बुझाउँछ । कार्यव्यापार सम्पन भइसके पनि यसको प्रभाव अहिलेसम्म पनि रहेको भन्ने बुझाउने हुनाले भूत नभएर यस्तो क्रियाको काल पूर्ण वर्तमान मानिएको हो । कालिकोटे भाषिका र स्तरीय नेपालीका वाक्यगठन र सङ्गतिसम्बन्धी तालिका प्रस्तुत गरिएको छ :

**तालिका ८ : वर्तमान काल : पूर्ण पक्षको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| मैले खेल्याओ छौं । | मैले खेलेको छु । |
| तोइले खेल्याओ छइ । | तैले खेलेको छस् । |
| तोइले खेल्याई छइ । | तैले खेलेकी छेस् । |
| ताँले खेल्याआ छयापई । | तपाईले खेल्नुभएको छ । |
| छीताले खेल्याइ छ । | सीताले खेलेकी छे । |
| उनुले खेल्याआ छन् । | उनले/उनीहरूले खेलेका छन् । |

वर्तमान कालिक पूर्णपक्षमा दुबैमा समानता पाइन्छ । एका/एको/एकी को 'क' ध्वनि लोप हुनुका साथै प्रथम पुरुषको एकवचन, उच्च आदरार्थी तथा स्त्रीलिङ्गमा केही परिवर्तन भए पनि अन्य वचन, आदर, पुरुष आदिसँग सम्बन्धित वाक्यगठनको सङ्गतिमा समानता देखिन्छ ।

### ३.६. भविष्यत् काल : पूर्ण पक्ष

भविष्यत् कालीन पूर्ण पक्षलाई पूर्ण भविष्यत् काल पनि भनिन्छ । यस पक्षले क्रियाको कार्य व्यापार भविष्यमा पुरा हुने जनाउँछ । स्तरीय नेपाली भाषा र कालिकोटे भाषिका दुबैमा भविष्यत् कालीन अपूर्ण पक्षको अस्तित्व देखिन्छ । स्तरीय नेपाली भाषामा अपूर्ण भविष्यत् जनाउन तै दै रूपका साथ हुने र छ का रूपहरू चलेको पाइन्छ साथै भइरहेको, खाइरहेको, हिडिरहेको, बसिरहेका सुतिरहेकी जस्ता इरहेको रूपका साथ छ, छन्, छेस् छ्यौ, छन्, छिन् जस्ता छ का रूपहरू पनि प्रयोग भएर भविष्यत कालीन अपूर्ण पक्षको बोध हुन्छ । कालिकोटे भाषिकामा भने छ का रूपहरूको प्रयोग भएको पाइदैन । छ का रूपहरूको सट्टा हो,हौं, हुन्, होउ जस्ता हो का रूपहरू चलेको पाइन्छ । स्तरीय नेपालीमा प्रयोग हुने हुँ भने प्रयोग भएको पाइँदैन । हुँ को सट्टा हौं नै प्रयोग भएको पाइन्छ । कालिकोटे भाषिका र स्तरीय नेपाली भाषाका अपूर्ण भविष्यत् कालीन वाक्य गठन प्रक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९ : भविष्यत् काल : पूर्ण पक्षको तुलना**

| कालिकोटे भाषिका | स्तरीय नेपाली |
|---|---|
| म भोलि पोखरा पुग्याओ हुन्या हौं । | म भोलि पोखरा पुगेको हुने छु । |
| हामीले भात खायाआ हुन्या हौं । | हामीले भात खाएका हुने छौं । |
| तोइले मऽन ल्याओ हुन्या होइ । | तैले मलाई ल्याएको हुने छस् । |
| तमीले पोस्तक पढ्याई हुन्या होउ । | तिमीले पुस्तक पढेकी हुने छ्यौ । |
| त्यइले अक्को दिन पढ्याओ हुन्या हो । | त्यसले अर्को दिन पढेको हुने छ । |
| उनुले कठिया बोक्याआ हुन्या हुन् । | उनले खुर्पेटो बोकेका हुने छन् । |
| वाँले भौति खाना खायाआ हुन्या भयापइ । | उहाँले धेरै खाना खाएको हुनुहुने छ । |

कालिकोटे भाषिका तथा स्तरीय नेपालीमा पूर्ण भविष्यत् कालीन वाक्य गठनमा समानता देखिन्छ । 'छ' का ठाउँमा 'हो' रूप, 'एको' प्रत्ययमा रहेको 'क' ध्वनि लोप र केही रूपगत भिन्नता रहे पनि वाक्य संरचनामा लिङ्ग, वचन, पुरुष आदिमा समानता नै छ । आदरका तहमा पूर्ववत् स्तरीय नेपालीमा भन्दा कालिकोटे भाषिकामा कमी रहेको कुरा उपर्युक्त तालिका र वर्णनबाट स्पष्ट हुन्छ ।

### ३.७. भूत काल अज्ञात पक्ष

यो पहिले अज्ञात तर सिद्धिएपछि ज्ञात हुन आएको स्थिति जनाउने पक्ष हो (लम्साल, २०६२ : १२३) । अज्ञात पक्षलाई अज्ञात भूतकाल पनि भनिन्छ । यस पक्षले क्रियाको कार्य व्यापार बितेको समयमा भइसकेको तर जानकारी वर्तमान कालमा भएको जनाउँछ । कालिकोते भाषिका तथा स्तरीय नेपालीका अज्ञात पक्षका क्रियापदको रूपायन र वाक्य गठनमा विविध पक्षको तुलना तलका तालिकाद्वारा स्पष्ट पारिएको छ :

**तालिका १० : भूत काल अज्ञात पक्ष**

| कालिकोटे भाषिका | नेपाली |
|---|---|
| मैले आम्नू काम बिगाण्याँछौं । | मैले आफ्नो काम बिगारेछु । |
| हामीले अक्काओ काम सपाण्याँछौं । | हामीले अर्काको काम सपारेछौं । |
| तोइले खाना राम्रो बनाइछइ । | तैले खाना राम्रो बनाइछस् । |
| तमीले काम राम्णो हऱ्याछौ । | तिमीले काम राम्रो गरेछौ । |
| उइले बेलि गेलऽन चुट्योछ । | उसले हिजो बच्चाहरूलाई पिटेछ । |
| उनुले हामीऽन लपाक्याछन् । | उनले हामीलाई झुटा बोलेछन् । |
| तिनुले छोट्टीऽन खिज्ज्यायाछन् । | तिनीहरूले केटीलाई गिज्याएछन् । |
| ऊ फयल भयोछ । | ऊ फेल भएछ । |

उपर्युक्त तालिका हेर्दा नेपाली र कालिकोटे भाषिकामा अज्ञात पक्षका वाक्य संरचना तथा सङ्गतिमा समानता देखिन्छ तर रूपगत र ध्वनिगत भिन्नताहरू पाइएका छन् । भूत कालको बोध हुने अज्ञात पक्ष जनाउन स्तरीय नेपालीमा धातुमा इ/ए पछि 'छ' रूप चलेको पाइन्छ अर्थात् पुलिङ्गी र स्त्रीलिङ्गी प्रत्यय (ए/इ) को मात्र रूप पाइन्छ । कालिकोटे भाषिकामा अज्ञात पक्ष जनाउन इँ/यो/इ/या/याँ/ का साथ 'छ' का रूप चल्ने भएकाले स्तरीय नेपालीको वाक्य गठनमा कालिकोटे मातृभाषी वक्ताले त्रुटि गर्ने सम्भावना रहन्छ ।

### ३.८. भूतकाल : अभ्यस्त पक्ष

यो वाक्यमा प्रयुक्त क्रियामा कार्यको कुनै खास अवधिभित्रको आवृत्ति वा अभ्यास जनाउने व्याकरणात्मक कोटि हो (लम्साल, २०६२ : १२४) । भूत कालिक अभ्यस्त पक्षलाई अभ्यस्त भूतकाल पनि भनिन्छ । यस पक्षले क्रियाको कार्य व्यापार बारम्बार वा नियमित रूपमा भएको बुझाउँछ । यहाँ कालिकोटे भाषिका र मानक नेपाली भाषाका अभ्यस्त पक्षका वाक्यहरूको तुलनात्मक रूपमा अध्ययन गरिएको छ :

**तालिका ११ : भूतकाल : अभ्यस्त पक्षको तुलना**

| कालिकोटे भाषिका | नेपाली |
|---|---|
| म उकालो चढ्डो छियाँ । | म उकालो चढ्थें । |
| हामी पाइँलाउँणा हन्डा छियौं । | हामी तेर्सोमा हिड्थ्यौं । |
| तो गाड तद्दो छि । | तँ खोला तर्थिस् । |
| तो नानी हुँदा खुप चल्ली छि । | तँ सानी हुँदा खुब चल्थिस् । |
| तमी बिल्लो पाल्ला छियौ । | तिमी बिरालो पाल्थ्यौ । |
| ऊ हाट जाँदो छियो । | ऊ हाटबजार जान्थ्यो । |
| ऊँ सधै पढ्डा छिया । | उनीहरू सधैं पढ्थे । |
| वाँ राम्णो पढायाहुँदिछि । | वहाँ राम्रो पढाउनुहुन्थ्यो । |
| म नानु हुँदा पैठआ बेला चइ खेल्लो छियाँ । | म सानो हुँदा पर्वका समयमा पिङ खेल्थें । |

उपर्युक्त तालिकाअनुसार कालिकोटे भाषिकामा अभ्यस्त पक्षमा दो/दा/दी रूपका साथ 'छियो' रूप चलेको पाइन्छ भने स्तरीय नेपालीमा धातुमा थे, थ्यौ, थिस्, थ्यौ, थ्यो, थे जस्ता रूपको प्रयोग भएको पाइन्छ । दुबैमा वाक्यगठन प्रक्रियामा समानता पाइन्छ । अर्थगत समानता रहे पनि रूपगत प्रक्रियामा केही भिन्नता पाइन्छ । कालिकोटे भाषिकाका अभ्यस्त भूत कालीन वाक्य हेर्दा क्रियापदीय रूपहरू स्तरीय नेपालीका वर्तमान कालका रूपहरू झैं प्रतीत हुन्छन् ।

## निष्कर्ष

कालिकोटे भाषिका भारोपेली भाषा परिवार अन्तर्गत नेपाली भाषाको कालिकोट जिल्लामा बोलिने स्थानीय भाषिक भेद हो । स्तरीय नेपाली भाषा र उक्त भाषिकामा उच्चारण, शब्द भण्डार, वाक्य गठन, व्याकरणिक कोटि आदिमा केही न केही भिन्नता रहेको पाइन्छ । सो कुरा व्यारणिक कोटिअन्तर्गत काल र पक्षमा पनि पाइन्छ । क्रियाको रूपायन तथा सङ्गतिमा कालगत संरचनामा भिन्नता देखिन्छ । स्तरीय नेपालीमा अन्त्यमा 'छ' रूप र 'ए' रूप मात्रले भूत र अभूतको संरचना भएको देखिन्छ भने कालिकोटे भाषिकामा 'ए' रूप, 'छ' रूप र 'हो' रूप गरी भूत, वर्तमान र भविष्यत्को संरचना पाइएको छ । स्तरीय नेपालीमा क्रियापदीय संरचनाले कालको बोध गराउँछन् भने कालिकोटे भाषिकामा क्रियापदीय संरचनाका अत्तिरिक्त समयको पनि ख्याल गरिन्छ । पक्ष संरचनामा दुबैमा एघारवटा पक्षहरूको अस्तित्व देखिन्छ तर रूपगत भिन्नता पनि पाइन्छ । सामान्य वर्तमान र सामान्य भविष्यत्मा संरचनागत रूपमा नै भिन्नता देखिन्छ । कालिकोटे भाषिकामा सामान्य वर्तमानकालमा कृदन्तका साथ 'छ' रूपको प्रयोग हुन्छ भने स्तरीय नेपालीमा धातुका साथ सोभ्कै 'छ' रूप जोडिन्छ । सामान्य भविष्यत्कालमा कालिकोटे भाषिकामा भविष्यत् कालीन प्रंत्यय 'न्या' का साथै 'हो' रूप थपिन्छ भने स्तरीय नेपालीमा धातुमा 'ने' रूपका साथ 'छ' तत्त्व जोडिन्छ । अपूर्णकालीन सबै पक्षमा स्तरीय नेपालीमा तै/दै का साथ कालबोधक प्रत्यय थपिन्छ । कालिकोटे भाषिकामा अपूर्णबोधक प्रत्ययहरू तै/दै अतिरिक्त अन्य प्रत्यय पनि थपिन्छन् । पूर्ण भूतकालिक प्रत्ययमा स्तरीय नेपालीका एको/एका/एकी कालिकोटे भाषिकामा याको/याका/याकी अत्तिरिक्त याओ/याआ/याई भएको पाइन्छ । स्तरीय नेपालीमा प्रयुक्त हुने भूतकालिक 'थि' कालिकोटे भाषिकामा 'छि' नै हुन्छ । अभ्यस्त पक्षमा स्तरीय नेपालीमा धातुमा 'थ्' का साथ भूतकालिक क्रियाको 'ए' रूप प्रयोग हुन्छ भने कालिकोटे भाषिकामा धातुमा सामान्य वर्तमानकालिक कृदन्त रूपका साथ 'छियो' रूप प्रयोग भएको पाइन्छ । अज्ञात पक्षको वाक्यगठनमा स्तरीय नेपालीमा लिङ्गबोधक 'इ' र 'ए' प्रत्ययका साथ 'छ' रूप प्रयोग हुन्छ भने कालिकोटे भाषिकामा लिङ्गबोधक, वचनबोधक र आदरबोधक प्रत्यय याँ/ई/या/यो का साथ 'छ' रूप प्रयोग हुन्छन् ।

## सन्दर्भ-सूची

अधिकारी, हेमाङ्गराज (२०५७), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पुनर्मुद्रण ।

अधिकारी, हेमाङ्गराज (२०६७), **प्रयोगात्मक नेपाली व्याकरण** (तेस्रो संस्करण), काठमाडौं : रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

उपाध्याय, ज्ञानचन्द्र (२०६५), **रैबार**, वाराणसी ।

गौतम, देवीप्रसाद (२०४९), **नेपाली भाषा परिचय**, काठमाडौं : साझा प्रकाशन ।

जोशी, खगराज (२०५७), **डोटेली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि. ।

पोखरेल, बालकृष्ण (२०४७), **नेपाली भाषाको उत्पत्ति**, काठमााडौं : भारद्वाज प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५७), **राष्ट्रभाषा**, काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०४४), **नेपाली वाक्य व्याकरण**, काठमाडौं : ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०५२), **नेपाली भाषाको उत्पत्ति**, काठमाडौं : साझा प्रकाशन ।

बम, सुरेन्द्रकुमार (२०६२), **बैतडी भाषिका र स्तरीय नेपाली भाषिकाको व्यतिरेकी विश्लेषण**, अप्रकाशित शोधपत्र, त्रि.वि. ।

लम्साल, रामचन्द्र (२०६२), **नेपाली भाषा र व्याकरण**, कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

शर्मा, सोमनाथ (२०३७), **मध्यचन्द्रिका**, काठमाडौं : श्रीमती लीलादेवी सिग्द्याल ।

शाही, हर्कबहादुर (२०५३), **अछामी भाषिका : एक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि. ।

श्रेष्ठ, ईश्वरकुमार (२०५३), **नेपाली भाषा र व्याकरणका केही पक्ष**, काठमाडौं : रत्नपुस्तक भण्डार ।

सिजापति, रामविक्रम (२०४१), **केन्द्रीय नेपाली भाषिकाहरू**, काठमाडौं : ने.रा.प्र.प्र. ।